# मनराशिसवा नगरपालिका खेलकुद प्रवर्द्धन कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/३० गते)

मनराशिसवा नगरपालिका

## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी, मधेश प्रदेश,नेपाल

# मनराशिसवा नगरपालिका खेलकुद प्रवर्द्धन कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/३०)

**प्रस्तावनाः**

नगर भित्र छरिएर रहेका युवाहरुलाई गोलबन्द गर्दै, उनीहरुको शारिरिक मानसिक विकासमा टेवा पुर्याउँदै, युवासँग जोडिएको दुर्व्यसनी जस्ता आम समस्या हटाउँदै, खेलकुद मार्फत सामाजिक सदभाव कायम गर्न/गराउन मात्र नभई व्यवसायिक खेलाडी उत्पादन गर्दै समृद्ध नगर निर्माणको महा अभियानलाई साथ/सहयोग प्रदान गर्न र खेलकुद मार्फत नगरलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा परिचित गराउन दक्ष, सक्षम एवम प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने महान उद्देश्यका साथ नगर खेलकुद सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद-१
## नाम र परिभाषाः

१. **संक्षिप्त नाम र प्रारम्भ**: यो कार्यविधिको नाम मनराशिसवा नगरपालिका, खेलकुद प्रवर्द्धन कार्यविधी, २०८१" रहेको छ । यो कार्यविधि नगर राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) **"कार्यविधि"** भन्नाले "मनराशिसवा नगरपालिका, खेलकुद प्रवर्द्धन कार्यविधी, २०८१" सम्झनु पर्छ।

(ग) **"खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समिति"** भन्नाले मनराशिसवा नगरपालिकामा खेलकुद विकास तथा खेलकुद सम्बन्धी क्रियाकलाप संचालन गर्न गठित समितिलाई खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समिति सम्झनु पर्छ ।

(घ) **"खेलकुद प्रशिक्षण समिति"** भन्नाले खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले गठन गरेका सम्बन्धित विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनु पर्छ ।

(ङ) **"टिम, क्लव, संघ, संस्था"** भन्नाले मनराशिसवा नगरपालिकामा कार्यक्षेत्र भएका नियमानुसार दर्ता भएका मनराशिसवा नगरपालिका क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

(च) **"खेलाडी"** भन्नाले टिम, क्लव, संघ संस्थामा सम्वद्ध खेलाडी सम्झनु पर्छ ।

(छ) **"प्रशिक्षार्थी"** भन्नाले मनराशिसवा नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।

(ज) **"प्रशिक्षक"** भन्नाले मनराशिसवा नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी शिक्षक वा खेलकुद सिकाउने व्यक्ति प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

(झ) **"खेलकुद विकास कोष"** भन्नाले मनराशिसवा नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

(ञ) **"खेलाडी विवरण"** भन्नाले टिम, क्लव, संघ संस्थाहरुले आफ्नो टिम, क्लव, संघ संस्थामा आवद्ध भनि प्रमाणित गरी प्रत्येक वर्ष नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

(ट) **"खेलकुद पदाधिकारी"** भन्नाले खेलकुद सम्वद्ध समिति, उप-समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्यः

३. खेलकुद प्रवर्द्धन कार्यक्रमका उद्देश्यहरुः

(क) नगरको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्न र व्यवसायिक खेलाडी उत्पादन गर्न नियमित प्रशिक्षण गर्दै खेलकुद पाठशालाको रुपमा विकास गर्न सकिनेछ ।

(ख) कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

(ग) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

(च) खेलकुदको माध्यमबाट नगरबासीहरुमा नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ती भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरुलाई समेत शारीरिक व्यायाम खेलकुद गर्न सहयोग पुर्याउने ।

(ट) मनराशिसवा नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने।

(ठ) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने

(ड) नगरपालिका अन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने।

(ढ) खेलकुद प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ण) खेलप्रेमी संघ संस्था, क्लव र अन्य महानुभावबाट खेल विकासको लागि सहयोग जुटाउन एक खेलकुद प्रवर्द्धन कोष खडा गर्न सकिनेछ ।

## परिच्छेद-३

४. **खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको गठन र बैठक:** खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समिति रहनेछः

(क) नगरपालिकाका नगर प्रमुख ............................................................ **संयोजक**

(ख) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य ............................................ **सह-संयोजक**

(ग) प्रमुख प्रशासकीय अधिकृत ............................................................ **सदस्य**

(घ) स्वास्थ्य शाखा प्रमुख ............................................................ **सदस्य**

(ङ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख ................................ **सदस्य**

(च) नगर प्रहरी प्रमुख ............................................................ **सदस्य**

(छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख ............................................ **सदस्य-सचिव**

५. खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकार** :

(क) नगरक्षेत्र भित्र खेलकुद विकासका लागि खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(ख) नगर क्षेत्र भित्र विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्ने संघ संस्था, क्लव र खेल प्रशिक्षण निकायका विचमा समन्वय गर्ने ।

(ग) नगरक्षेत्र बाहिर संचालन हुने विभिन्न खेलकुद प्रतियोगिताहरुमा भाग लिने नगर स्तरीय टिमलाई आवश्यक सेवा सुविधाको व्यवस्थापन गर्ने।

(घ) नगर स्तरीय टिमका खेलाडीहरुलाई आवश्यक खेलकुद सामग्री लगायत ड्रेसको व्यवस्थापन गर्ने ।

(ङ) मनराशिसवा नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

(च) नगरको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्न र व्यवसायिक खेलाडी उत्पादन गर्न नियमित प्रशिक्षणको व्यवस्था गर्ने ।

(छ) खेलकुद प्रशिक्षक नियुक्तीका लागि सिफारिस गर्ने ।

(ज) खेलकुद विकासको निम्ती भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरु बिच समन्वय गर्ने ।

(झ) आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरी आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्ने ।

(ञ) नगर स्तरीय खेलकुदको आचारसंहिता, दण्ड, सजाय र पुरस्कार सिफारिस गर्ने ।

(ट) खेलकुदमा हुन सक्ने बिवाद समाधानको निम्ती निर्णायक भुमिका निर्वाह गर्ने ।

## परिच्छेद-४

## नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापनः

७. मनराशिसवा नगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था आदिले खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा दर्ता शुल्क रु.५००।- सम्वन्धित वडा अध्यक्षको सिफारिस सहित निवेदन गर्न आएमा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दर्ता गरी अभिलेख राख्नु पर्नेछ । दर्ता गरिएको टिम, क्लव, समिति र संघ संस्थाले वार्षिक रुपमा रु.५००।- नविकरण शुल्क सहित निवेदन गरी नविकरण गर्नु पर्नेछ ।

८. नगर भित्रका टिम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी सम्बन्धित वडा कार्यालको सिफारिस सहित खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिबाट स्वीकृति लिनु पर्नेछ ।

९. नगरपालिकाका टिम, क्लव, संघ संस्थाले नगर भित्र खेलकुद प्रतियोगिता संचालन गर्दा वा नगर बाहिरको खेलकुद प्रतियोगितामा सहभागी हुन जाँदा सम्बन्धित वडा कार्यालको सिफारिस सहित खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्णय अनुसार आर्थिक, खेलकुद सामग्री तथा व्यवस्थापन सामग्री सहयोग गर्न सक्नेछ ।

१०. खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गर्न सक्नेछ ।

११. खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक/प्रशिक्षार्थी फारम, परिचयपत्र, दर्ता प्रमाणपत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद-५

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापनः

१२. नगरपालिकाले राष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

१३. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

१४. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

१५. मनराशिसवा नगरको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

मनराशिसवा नगरपालिका

## परिच्छेद-६
## खेलकुद प्रतियोगिता व्यवस्थापनः

१६. अन्तर नगरपालिका लगायत विभिन्न जिल्ला, प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लव, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ ।

१७. खेलखुद प्रतियोगितामा सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई नियमानुसार सुविधा प्रदान गरिनेछ ।

१८. समिति आफैले वा नगरपालिकाले नगर भित्र दर्ता भएका टिम, क्लब, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता गर्न वा गराउन सक्नेछ ।

१९. समिति आफैले वा नगरपालिकाले नगर भित्रका टिम, क्लव, संघ संस्था मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिम सँग मैत्री पुर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

२०. खेलाडीहरुको सेवा सुविधाः नगर स्तरीय टिमका खेलाडीहरुलाई देहाय बमोजिका सेवा सुविधा उपलब्ध गराउन सक्नेछः

(क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागी हुने खर्च उपलब्ध गराईनेछ।

(ख) प्रतियोगितामा प्रत्येक खेल खेले बापतका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु.७००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.१०,०००।- सम्मको सुविधा दिन सक्नेछ ।

(घ) खेलाडीहरुलाई आवश्यक खेलकुद सामग्री खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्णय अनुसार खरिद गरि वितरण गर्नेछ ।

## परिच्छेद-७
## तालिम तथा प्रशिक्षण व्यवस्थापनः

२१. खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले खेलकुद विकास र खेलाडीको स्तर बृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको आवश्यक तालिम र प्रशिक्षणको व्यवस्था गर्नेछ।

२२. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिका प्रतिनिधि र वडा अध्यक्षको सिफारिस सहित खेलकुद प्रवर्द्धन समितिको निर्धारित फारम बुझाई आवेदन दिनुपर्नेछ ।

२३. **खेल प्रशिक्षक/ सहायक प्रशिक्षकको योग्यता, नियुक्ति, विदा तथा सेवा सुविधाः**

(१) कुनै खेल प्रशिक्षकको लागी सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सक्नेछ।

(२) **खेल प्रशिक्षक/सहायक प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनेछः**

(क) नेपाली नागरिक भएको,

(ख) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको,

(ग) खेल प्रशिक्षकका लागि कम्तीमा प्रविणता प्रमाणपत्र तह (+२) वा सो सरह उत्तीर्ण तथा सहायक प्रशिक्षकका लागि कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित खेलकुदमा राष्ट्रिय खेलकुद प्रतियोगिता वा जिल्ला स्तरीय खेलकुद प्रतियोगिता सम्बन्धी अनुभव भएको।

(घ) जिल्ला, क्षेत्र र राष्ट्रिय तथा अन्तराष्ट्रिय अफिसियल स्तरका सम्बन्धित खेलकुदमा सहभागी भई महत्वपुर्ण स्थान हासिल गरेको,

(ङ) शारीरिक तन्दुरुस्ती भएको,

(च) मानसिक स्थिति (मगज) नविग्रिएको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(३) खेल प्रशिक्षक/ सहायक प्रशिक्षकको नियुक्ति मनराशिसवा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ अनुसार हुनेछ ।

(४) नियुक्त भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई प्रचलित कानुनमा उल्लेख भए अनुसार बिदाको व्यवस्था हुनेछ ।

(५) नियुक्त भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई करार सम्झौता बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ।

२४. प्रशिक्षक/सहायक प्रशिक्षकको करार अवधी करार सम्झौता बमोजिम हुनेछ । निजको कार्य सम्पादन संतोषजनक देखिएमा समितिको सिफारिसमा आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ ।

२५. प्रशिक्षार्थी खेलाडीलाई व्यक्तिगत प्रयोगका लागि आवश्यक खेलकुद सामग्रि आफैले जुटाउनु पर्नेछ ।

२६. आवश्यक खेलकुद सामग्रिको सुची तयार गरी नगरपालिकामा माग गर्ने, प्रशिक्षण सामग्रीको अभिलेख हिफाजतसाथ राख्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा सम्बन्धित प्रशिक्षक/सहायक प्रशिक्षकको हुनेछ।

२७. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

२८. खेलकुद प्रशिक्षणमा जाने खेलाडीहरुको छनौटका सम्बन्धमा खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्णय अन्तिम हुनेछ।

२९. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षण वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद-८
## खेलकुद प्रवर्द्धन कोषको व्यवस्थाः

३०. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि मनराशिसवा नगरपालिकामा खेलकुद प्रवर्द्धन कोषको व्यवस्था गरिनेछ ।

३१. कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

(ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएका रकम,

(ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना रकम,

(घ) नगर भित्रका टिम, क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क र फारम शुल्क ।

३२. यस कोषको संचालन खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्णय अनुसार हुनेछ ।

३३. खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको सदस्य-सचिवले बढीमा रु.१०,०००।- सम्म कोषबाट खर्च गर्न सक्नेछ। यसरी गरीएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौट गर्नु पर्नेछ ।

## परिच्छेद-९
## खेलकुद पुर्वाधार निर्माण तथा मर्मतः

३४. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने खेलकुद सामग्रीहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

३५. विशेष तरिकाले मर्मत गर्न सम्वन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले कोषबाट मर्मत संभार गर्नेछ । तर रकम अपुग र कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

मनराशिसवा नगरपालिका

३६. खेलकुद पूर्वाधार (स्टेडीयम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद विकास समितिको निर्णय अनुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद-१०

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था:

३७. खेलकुद प्रवर्द्धन समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुसाशित खेलाडी तयार गर्ने कार्यमा सम्वन्धित खेल प्रशिक्षकहरूलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्वन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछ :

(क) खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्वन्धित खेल प्रशिक्षक समेत ३ देखि ५ जना सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ।

(ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ।

(ग) यस समितिले सम्वन्धीत खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

(घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

(ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडीङ्ग प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

(च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

(छ) खेलकुद प्रवर्द्धन समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउने छ ।

(ज) प्रशिक्षार्थी/प्रशिक्षकलाई अन्य संस्थाबाट खेल्ने तथा अन्य संस्थामा प्रशिक्षण कार्य गर्ने अनुमति आवश्यकता अनुसार दिन सक्नेछ।

(झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ।

(ञ) खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्देशानुसार सम्वन्धीत खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

(ट) खेलाडीलाई अनुशासनको कारवाहीको लागि गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्वन गर्न खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिमा सिफारिस गर्ने । तोकिएको अवधीमा समेत आचरण सुधार नभएमा खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिमा निष्काशनको लागि सिफारिस गर्न सक्नेछ ।

(ठ) अनुशासनको कारवाही गर्ने क्रममा सम्वन्धित व्यक्तिलाई सफाई पेश गर्ने उचित मौका दिईनेछ। तर विषयगत खेल प्रशिक्षण समितिको प्रतिवेदन माथि खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(ड) खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको निर्णय अनुसार निलम्वन थपघट वा संसोधन वा क्षमायाचना गर्न सक्नेछ ।

## परिच्छेद-११

## अनुशासनको कारवाही, दण्ड सजाय, पुरस्कार र विविधः

३८. अनुशासनको कारवाही खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा खेलकुद प्रवर्द्धनकार्यक्रम संचालन समितिले निलम्वन गर्न सक्नेछ ।

३९. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई खेलकुद प्रवर्द्धन कार्यक्रम संचालन समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

४०. खारेजी र बचाउः

(१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएको विषयमा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । तर, यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यस कार्यविधिको संशोधन तथा खारेजी नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले
राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१/०६/३०

मनराशिस्वा नगरपालिका